मितिः २०७९/०३/१०
बैठक संख्या- ४९

**छलफल तथा निर्णयः**

समितिको मिति २०७९/०३/०६ गते बसेको बैठकले पेट्रोलियम पदार्थको चरम मूल्यबृद्धिबाट सर्वसाधाहरणलाई पर्न गएको असर न्यूनिकरण गर्न बैकल्पिक उपायको खोजि गर्न नेपाल सरकारलाई दिएको निर्देशनका सम्बन्धमा आज मिति २०७९/०३/१० गते यस समिति अन्तर्गत गठन भएको बजार अनुगमन उपसमितिको बैठकले माननीय सभापति समेतको सहभागितामा नेपाल आयल निगमका पदाधिकारीसँग छलफल गऱ्यो। छलफल पश्चात माननीय सभापति मार्फत नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल आयल निगमलाई देहायअनुसार निर्देशन दिने निर्णय गऱ्योः

१. पेट्रोलियम पदार्थको चरम मूल्यबृद्धिबाट पर्न गएको असरलाई तत्काल न्यूनीकरण गरी जनतालाई राहत उपलब्ध गराउन विद्यमान अन्तर्राष्ट्रिय परिवेषबाट पेट्रोलियम पदार्थको मूल्य सामान्य नहुने अवधिसम्मका लागि नेपाल सरकारले नेपाल आयल निगमसँग विभिन्न शीर्षकमा लिँदै आएको करलाई ५०% ले घटाउन निर्देशन दिने।

(शिवदत्त बराल)
समिति सचिव

(प्रकाश रसाईली "स्नेही")
संयोजक